"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा "

# सिरीजङ्घा राजपत्र

सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड २) ताप्लेजुङ, प्रदेश नम्वर १, नेपाल, आषाढ १५ गते २०७७ साल (संख्या ३

## भाग १

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

सिरीजङ्घा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०७७ सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ३

# नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०७७

**प्रमाणीकरण मिति : २०७७।०३।११**

**प्रस्तावना** : कडा एवम् नसर्ने प्रकृतिका रोग लागि उपचारमा आर्थिक समस्या भोलिरहेका गाउँपालिका क्षेत्रभित्रका विरामी नागरिकहरुको स्वास्थ्योपचारमा केही रकम सहयोग गर्ने उद्देश्यले स्थापित नागरिक उपचार सहायता कोषलाई **"म स्वस्थ, मेरो गाउँ स्वस्थ"** अभियानसँग आवद्ध गर्दै गाउँपालिका क्षेत्रभित्रको प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक स्वास्थ्य सम्बन्धी गतिविधिहरुलाई उक्त कोष मार्फतनै समेटी सो कोषलाई व्यवस्थित र पारदर्शी तवरले परिचालन गरी स्थानीय सरकारको प्रत्यक्ष उपस्थितिको बोध आम सिरीजङ्घाबासीलाई दिलाउन,

नेपालको संविधानको अनुसूची ८ मा उल्लिखित विभिन्न २२ वटा एकल अधिकारमध्ये आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारलाई सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्र क्रमशः कार्यान्वयन गर्न सोही संविधानको धारा ५७ को उपधारा (४) ले दिएको अधिकार प्रयोग गरी मिति २०७७ साल असार ९ गते सम्पन्न सिरीजङ्घा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (सातौं) को दोस्रो बैठकले यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन सिरीजङ्घा राजपत्रमा प्रकाशन भए पश्चात् सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

**२. परिभाषा र व्याख्या** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०७७ लाई सम्झनु पर्छ।

(ख) **"**कार्यपालिका**"** भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(घ) "कोष" भन्नाले यस ऐनको दफा ९ बमोजिमको कोषलाई सम्झनु पर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिरीजङ्घा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ र, सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको कुनै अधिकृतस्तरको कर्मचारी समेतलाई सम्झनु पर्छ।

(च) “विरामी नागरिक” भन्नाले देहायमा उल्लिखित कुनै एक वा सोभन्दा बढी रोग लागेको भनी स्वीकृत चिकित्सकबाट पहिचान भई सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्रको सम्बन्धित वडाको वडाध्यक्षले सिफारिश गरेको गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने नागरिकलाई सम्झनु पर्छ :

(अ) मृगौला प्रत्यारोपण गरेको वा गर्नुपर्ने वा डायलाइसिसका विरामी, वा

(आ) क्यान्सरका विरामी, वा

(इ) मुटुको सर्जरी गर्नुपर्ने विरामी, वा

(ई) प्यारालाइसिसको विरामी, वा

(उ) अन्य रोगका विरामी ।

(छ) “वडा” भन्नाले सिरीजङ्घा गाउँपालिका मातहतको कुनै पनि वडा कार्यालयलाई सम्झनु पर्छ ।

(ज) “सभा” भन्नाले सिरीजङ्घा गाउँपालिकाको गाउँ सभा अधिवेशनलाई सम्झनु पर्छ ।

(झ) “समिति” भन्नाले यस ऐनको दफा ६ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(ञ) “सहायता” भन्नाले कडा रोग लागेका गाउँपालिका क्षेत्रभित्रका विरामी नागरिकको स्वास्थ्योपचारमा केही रकम सहयोग गर्ने गरी कोषबाट उपलब्ध गराइने आर्थिक सहायताको रकमलाई सम्झनुपर्छ र सो शब्दले यस ऐन बमोजिम विरामी नागरिकलाई उपलब्ध गराइने यातायात खर्च वापत्को रकम एवम् एम्बुलेन्स तथा ल्याब सेवामा दिइने छुट समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## सहायता प्राप्तिको आवेदन, त्यसको छानवीन र सिफारिस सम्बन्धी व्यवस्था

३. **सहायता प्राप्तिका लागि विरामी नागरिकले वडामा आवेदन गर्नुपर्ने :** (१) यस ऐनले व्यवस्था गरे बमोजिमको सहायता प्राप्तिका लागि विरामी नागरिकले अनुसुची १ बमोजिमको ढाँचामा सम्बन्धित वडामा आवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै विरामी नागरिक यस ऐन बमोजिमको सहायता प्राप्ति लागि आवेदन भर्न कुनै कारणवश सम्बन्धित वडामा स्वयम् उपस्थित हुन नसकेमा निजको एकासगोल परिवारभित्रका कुनै सदस्यले उपदफा (१) बमोजिम आवेदन गर्न सक्नेछ ।

**४. सहायता प्राप्तिको आवेदन छानवीन गर्नु पर्ने :** (१) यस ऐन बमोजिमको सहायता प्राप्तिका लागि दफा १ बमोजिम वडामा परेको आवेदन उपर सम्बन्धित वडाले आवश्यक छानवीन गर्नु पर्नेछ ।

(२) सम्बन्धित वडाले उपदफा (१) बमोजिम परेको आवेदन छानवीन गर्दा अन्य विषयका अतिरिक्त देहायका विषयहरु मुख्यरुपले छानवीन गर्नु पर्नेछ :

(क) विरामी नागरिक सम्बन्धित वडावासी हो, होइन भन्ने विषय,

(ख) विरामी नागरिकले गाउँपालिकाबाट यस अघि सहायता प्राप्त गरेको छ, छैन भन्ने विषय,

(ग) विरामी नागरिकको आर्थिक अवस्था ।

**५. वडाले समितिमा सिफारिस गर्नुपर्ने :** सम्बन्धित वडाले दफा (४) को उपदफा (२) बमोजिम विरामी नागरिकको आवेदन छानवीन गर्दा त्यस्तो विरामी नागरिक यस ऐन बमोजिम उपलब्ध गराइने सहायताका लागि योग्य देखिएमा अनुसूची २ बमोजिमको ढाँचामा यस ऐनको दफा ६ बमोजिमको समितिमा सिफारिस सहित लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद ३
## नागरिक उपचार सहायता कोष परिचालन समिति सम्बन्धी व्यवस्था

**६. समितिको गठन :** (१) यस ऐन बमोजिम व्यवस्था गरिने कोषको परिचालनलाई व्यवस्थित र पारदर्शी बनाउन तथा विरामी नागरिकलाई कोषबाट उपचारमा सहायता प्रदान गर्न गाउँपालिकामा देहाय बमोजिमको एक नागरिक उपचार सहायता कोष परिचालन समिति रहनेछ :-

(क) गाउँपालिकाका अध्यक्ष -संयोजक

(ख) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी सदस्य

(ग) कार्यपालिका मातहतको सामाजिक विकास समितिका संयोजक सदस्य

(घ) प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोकको प्रमुख सदस्य

(ङ) कार्यालयको स्वास्थ्य उपशाखा हेर्ने कर्मचारी -सदस्य सचिव

**७. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति र समयमा कार्यालयमा बस्नेछ ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने विषयहरुको सूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) संयोजकले समितिको बैठकमा बढीमा दुई जनासम्म सम्बन्धित क्षेत्रका अन्य पदाधिकारीलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठकमा समितिमा तत्काल कायम रहेका सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(६) उपदफा (५) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय समितिको निर्णय हुनेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोषलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनका लागि कार्यपालिकालाई राय परामर्श उपलब्ध गराउने,

(ख) कोषबाट विरामी नागरिकलाई उपलब्ध गराइने सेवा सुविधाको गणना गरी अनुसूची ३ बमोजिमको ढाँचामा कार्यालयमा सिफारिश गर्ने,

(ग) नागरिकको स्वास्थ्योपचारसँग सम्बन्धित कोषबाट गरिने खर्चको क्षेत्र पहिचान गर्ने,

(घ) कोषको हिसाबकिताब अद्यावधिक गर्ने,

(ङ) कोषको विवरण वार्षिक रुपमा सार्वजनिक गर्ने,

(च) गाउँपालिकाले आफ्नै पहलमा सञ्चालन गर्ने ल्याब, एम्बुलेन्स सेवा, बर्थिङ्ग सेण्टरसँग सम्बन्धित चालु तथा पुँजिगत प्रकृतिको खर्च पहिचान गरी कार्यालयमा खर्चका लागि सिफारिश गर्ने,

(छ) गाउँपालिका क्षेत्रभित्र महामारी तथा संक्रामक रोग फैलिन नदिनका लागि प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक व्यवस्था मिलाउने,

(च) सभा तथा कार्यपालिकाले तोकेको कोषसँग सम्बन्धित अन्य कार्य गर्ने ।

## परिच्छेद ४
## नागरिक उपचार सहायता कोष, यसबाट व्योहोरिने खर्च र लेखापरीक्षण सम्बन्धी व्यवस्था

**९. नागरिक उपचार सहायता कोष :** (१) यस ऐनले व्यवस्था गरे बमोजिमको सहायता विरामी नागरिकलाई उपलब्ध गराउन एवम् ऐनले परिलक्षित गरेको अन्य क्षेत्रमा खर्च गर्नका लागि गाउँपालिकामा एउटा छुट्टै नागरिक उपचार सहायता कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) कोषका लागि सभा तथा कार्यपालिकाको निर्णयबाट विनियोजित रकम,

(ख) कोषका लागि दातृ निकाय तथा व्यक्तिबाट स्वेच्छिक रुपमा उपलब्ध गराइने रकम,

(ग) एम्बुलेन्स सेवा सञ्चालनबाट आर्जित रकम,

(घ) कोषको रकम परिचालन गरी आर्जित रकम ।

(३) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम यस ऐनले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ ।

**१०. कोषबाट व्योहोरिने खर्चको अधिकतम सीमा :** (१) समितिले विरामी नागरिकलाई देहायमा उल्लिखित रकमको सीमाभित्र रहेर मात्र सहायता रकम उपलब्ध गराउन सक्नेछ ।

(क) मृगौला प्रत्यारोपण गर्नुपर्ने व्यक्तिलाई बढीमा  तीस हजार रुपैंयासम्म,

(ख) मृगौलाको डायलाइसिस गरी रहेका व्यक्तिलाई बढीमा तीस हजार रुपैंयासम्म,

(ग) क्यान्सरका लागेका व्यक्तिलाई बढीमा पच्चीस हजार रुपैंयासम्म,

(घ) मुटुको सर्जरी गर्नुपर्ने व्यक्तिलाई बढीमा तीस हजार रुपैंयासम्म,

(ङ) शल्यक्रिया बाहेक मुटु रोगको अन्य विरामी व्यक्तिलाई बढीमा दश हजार रुपैंयासम्म,

(ङ) प्यारालाइसिस भएका व्यक्तिलाई बढीमा बीस हजार रुपैंयासम्म,

(च) अन्य रोगका व्यक्तिलाई बढीमा दश हजार रुपैंयासम्म ।

**द्रष्टव्य** : खण्ड (च) को प्रयोजनका लागि अन्य रोगका व्यक्ति भन्नाले पार्किन्सन, अल्जाइमर्स, पक्षघात, स्पाइनल इन्जुरी, हेड इन्जरी, सिकल सेल एनिमिया, हातखुट्टा भाँचिएका जस्ता रोग लागेका आर्थिक अवस्था अत्यन्त कमजोर भएका व्यक्तिलाई मात्र सम्झनुपर्छ ।

(२) सभा तथा कार्यपालिकाले औषधि खरिद शीर्षकमा विनियोजन गरेको रकम अपुग भई गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा अत्यावश्यक औषधिको मौज्दात न्युन हुन गएमा समितिको निर्णय अनुसार कार्यालयले बढीमा पाँच लाख रुपैंयासम्मको सीमाभित्र रही अत्यावश्यक औषधि खरिद गर्न सक्नेछ ।

(३) सभा तथा कार्यपालिकाको सवारीसाधन मर्मत शीर्षकमा विनियोजन गरेको रकम अपुग भई गाउँपालिकाबाट सञ्चालित एम्बुलेन्सको मर्मतसम्भारमा रकम अभाव हुन गएमा समितिको निर्णय अनुसार कार्यालयले बढीमा दुई लाख रुपैंयासम्मको एम्बुलेन्स मर्मतसम्भार गर्न सक्नेछ ।

(४) गाउँपालिका क्षेत्रभित्रको प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई सुचारु गर्न सभा तथा कार्यपालिकाले रकम विनियोजन नगरेको वा विनियोजित रकम नपूग रहेको अवस्थामा समितिको निर्णय बमोजिम कार्यालयले बढीमा दुई लाख रुपैंयासम्मको उल्लिखित स्वास्थ्य सेवाको कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउन सक्नेछ ।

(५) गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा बर्थिङ सेण्टर र ल्याब सेवा सञ्चालनका लागि कोषमा पर्याप्त रकम रहेको भनी समितिले ठहर गरी कार्यपालिकामा सिफारिस गरेमा उल्लिखित सेवा सञ्चालनका लागि आवश्यक पर्ने चालु तथा पुँजिगत खर्चको व्यवस्थापन कार्यपालिकाको निर्णय बमोजिम कार्यालयले कोषबाट मिलाउन सक्नेछ ।

(६) कार्यालयले सभा तथा कार्यपालिकाको निर्णय बमोजिम लक्षित समुहका नागरिकहरुलाई दिइएको स्वास्थ्योपचारसँग सम्बन्धित राहतमा लाग्ने खर्च कोषबाट व्यवस्थापन गर्न सक्नेछ ।

(७) उपदफा (१) वा उपदफा (२) वा उपदफा (३) वा उपदफा (४) मा उल्लिखित सीमाभन्दा बढी रकम कोषबाट व्योहोर्नु परेमा कार्यपालिकाको निर्णय बमोजिम मात्र खर्च गर्नु पर्नेछ ।

(८) यस दफाको अन्यत्र उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कडा रोग लागेका विपन्न नागरिकले नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलब्ध गराउने औषधि उपचार सहायताको सिफारिस लिन चाहेमा विरामी नागरिकलाई उपदफा (१) मा उल्लिखित सीमाको आधा रकम मात्र यातायात खर्च स्वरुप उपलब्ध गराउन सकिनेछ ।

**११. कोषको खाता सञ्चालन :** यस ऐन बमोजिम स्थापना गरिने कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन तर्फको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. कोषको लेखापरीक्षण :** यस ऐन बमोजिम स्थापना भएको कोषको आय र व्ययको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद ५
## विविध

**१३. वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्ने :** (१) समितिले आफ्नो काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन कार्यपालिकाले एक महिनाभित्र सार्वजनिक गर्नु पर्नेछ ।

**१४. अधिकार प्रत्यायोजन गर्न सक्ने :** कार्यपालिका तथा समितिले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार समितिका संयोजक वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१५. प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिए लेखिए जति कुरामा यसै ऐन बमोजिम तथा अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. नियम, मापदण्ड, कार्यविधि र निर्देशिका बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**१७. यस ऐन बमोजिम भएको मानिने :** यो ऐन लागू हुनु पुर्व गाउँपालिका क्षेत्रभित्रका विरामी नागरिकलाई स्वीकृत बजेट शीर्षकबाट उपलब्ध गराइएको आर्थिक सहायताको रकम एकपटकका लागि यस ऐन बमोजिम नै वितरण भएको मानिनेछ ।

**अनुसूची १**
(ऐनको दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

उपचार सहायता प्राप्तिका लागि विरामी नागरिकले वडा कार्यालय समक्ष दिने आवेदनको ढाँचा

मिति : २०७ । ।

श्री वडा अध्यक्ष ज्यू,

.....नं. वडा कार्यालय, ।

विषय : स्वास्थ्योपचारका लागि आर्थिक सहयोग पाउन सिफारिस उपलब्ध गराइ दिने ।

महोदय,

प्रस्तुत विषयमा को नाति/नातिनी को छोरा/छोरी/ म विगत मिति २०७ । । देखी रोगले ग्रसित छु । मेरो उक्त रोगको उपचारका लागि मलाई आर्थिक रकमको अभाव भएको हुँदा सिरीजङ्घा गाउँपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०७७ बमोजिम सहायता पाउनका लागि योग्य छु भनी नागरिक उपचार सहायता कोष परिचालन समिति समक्ष सिफारिस उपलब्ध गराई दिनु हुन तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको नाम, थर :

ठेगाना :

दस्तखत :

मिति :

**संलग्न कागजातहरु :**

१. रोगको विवरण खुल्ने स्वीकृत चिकित्सक वा स्वास्थ्य संस्थाले उल्लेख गरेको कागजात ।

२. नेपाली नागरिकता/जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

३. रोगसँग सम्बन्धित अन्य कागजात ।

४. पासपोर्ट साइजको फोटो २ प्रति ।

**अनुसूची २**
(ऐनको दफा ५ सँग सम्बन्धित)

विरामी नागरिकलाई उपचार सहायता उपलब्ध गराउन वडाले सिफारिस गर्ने पत्रको ढाँचा

मिति : २०७ । ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय,

तेल्लोक, ताप्लेजुङ ।

विषय : स्वास्थ्योपचारको लागि आर्थिक सहायता उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा यस वडा निवासी श्री ले मिति २०७ । गते यस कार्यालय समक्ष आफूलाई रोग लागेको र उक्त रोगको उपचार गराउन आर्थिक अभाव भएकोले सिरीजङ्घा गाउँपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०७७ बमोजिम उपचारमा सहायता रकम पाउँ भनी यस वडा समक्ष आवेदन गर्नु भएकोमा उक्त आवेदन उपर छानवीन गर्दा निज व्यक्ति नागरिक उपचार सहायता कोषबाट सहायता पाउनका लागि योग्य देखिएको हुँदा देहायमा उल्लिखित कागजातहरु संलग्न राखी उक्त कोषबाट सहायता उपलब्ध गराई दिने व्यवस्थाका लागि सिफारिस साथ अनुरोध गर्दछु ।

(श्री )

वडा अध्यक्ष

**संलग्न कागजातहरु**

१. रोगको विवरण खुल्ने स्वीकृत चिकित्सक वा स्वास्थ्य संस्थाले उल्लेख गरेको कागजात ।

२. नेपाली नागरिकता/जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

३. रोगसँग सम्बन्धित अन्य कागजात ।

४. विरामी नागरिकको पासपोर्ट साइजको फोटो १ प्रति ।

**अनुसूची ३**
(ऐनको दफा ८ को खण्ड (ख) सँग सम्बन्धित)

विरामी नागरिकलाई उपचार सहायता प्राप्तिका लागि समितिले गर्ने निर्णय तथा अभिलेखको ढाँचा

मिति : २०७ । ।

आज मिति २० । । गते सिरीजङ्घा गाउँपालिकाको नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०७७ को को दफा ६ मा व्यवस्था भएको नागरिक उपचार कोष सहायता परिचालन समितिको बैठक समितिका संयोजक श्री को अध्यक्षता बसी सोही ऐनको दफा ८ को खण्ड (ख) बमोजिम देहायमा उल्लिखित गाउँपालिका क्षेत्रभित्रका विरामी नागरिकलाई नागरिक उपचार सहायता कोषबाट देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय पारित गरियो ।

उपस्थिति

नागरिक उपचार सहायता कोष परिचालन समितिका पदाधिकारीको नाम लेखी उपस्थिति जनाउने ।

देहाय

| सि. नं. | उपचार सहायता पाउने व्यक्तिको नाम, थर र ठेगाना | उपचार सहायता प्राप्तिका लागि सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको पत्रको च.नं. र मिति | उपचार सहायताका लागि उपलब्ध गराइएको रकम | उपचार सहायता पाउने व्यक्तिको फोटो | रोगको प्रकृति |
|---|---|---|---|---|---|
| | | | | | |

**पुनश्च :** समितिले संयोजक वा प्रमुख प्रशासकीय अधिकृतलाई समितिमा निहित विरामी नागरिकलाई उपलब्ध गराइने सहायता रकमको निर्णय गर्ने अधिकार प्रत्यायोजन गरेमा समेत यही ढाँचामा निर्णयको अभिलेख राख्ने व्यवस्था स्वास्थ्य उपशाखाका कर्मचारीले मिलाउनु पर्नेछ ।

**आज्ञाले,**
**श्री सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ ।**